# यान्त्रिक सवारी साधन सञ्चालन सम्वन्धि कार्यविधि

२०७४

तुलसीपुर उपमहानगरपालिका

**प्रस्तावना** :- तुलसीपुर उपमहानगरपालिकाले नगरका जनताहरुलाई चुस्त दुरुस्त र सर्वसुलभ दरमा यान्त्रिक सवारी साधन उपलब्ध गराउने उद्देश्यले यो कार्यविधि निर्माण गरिएको छ । उपमहानगरले खरिद गरेका यान्त्रीक सवारी साधन सञ्चालन,भाडा दर, पारिश्रमिक, मर्मत सम्भार सम्वन्धि व्यवस्था यसमा गरिएको छ । उपमहानगरवासीहरुलाई विकासका गतिविधि तथा भौतिक निर्माणमा विशेष सहुलियत प्रदान गर्नका लागि यो कार्यविधि निर्माण गरिएको हो । यस कार्यविधि निर्माण पश्चात उपमहानगरपालिकाका विभिन्न विकास र निर्माणका काममा तदारुकताका साथै सहुलियतमा विकास निर्माणको काम गर्न यहाँका नागरिक र उपभोक्ता समितिहरुलाई सहज हुनेछ । तुलसीपुर उपमहानगरपालिकाको मिति २०७४ माघ २१ गते कार्यपालिकाको बैठकले 'यान्त्रीक सवारी साधन सञ्चालन सम्वन्धि कार्यविधि २०७४' पारित गरिएको छ ।

परिच्छेद : १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "**यान्त्रिक सवारी साधन सञ्चालन सम्वन्धि कार्यविधि २०७४**" रहने छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क)'उपमहानगरपालिका' भन्नाले तुलसीपुर उपमहानगरपालिकालाई सम्झनु पर्नेछ ।

(ख) 'यान्त्रिक सवारी साधन' भन्नाले तुलसीपुर उपमहानगरपालिकाले पूर्वाधार विकास र सफाई कार्यमा सञ्चालनमा ल्याएका सवारी साधन भन्ने सम्झनुपर्दछ ।

(ग) 'वडा कार्यालय' भन्नाले तुलसीपुर उपमहानगरपालिका अन्तर्गतका १९ वटा वडा कार्यालयहरु भन्ने सम्झनुपर्दछ ।

(घ) 'भाडादर' भन्नाले विभिन्न सावरी साधनको भाडादर भन्ने सम्झनुपर्दछ ।

(ङ) 'चालक' भन्नाले सम्वन्धित सवारी चलाउनका लागि नेपाल सरकारबाट लाइन्सेस प्राप्त व्यक्ति सम्झनुपर्दछ ।

(च) 'हेल्पर' भन्नाले सवारी साधनको सुरक्षा र हेरचाह गर्ने चालकलाई सघाउने व्यक्ति भन्ने वुझिनेछ ।

**३.कार्यविधिको उद्देश्य :**

यस कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछ :

(क) सुलभ दरमा स्काभेटर, डोजर, टिप्पर, रोलर, ट्रेक्टर र पानी ट्याङ्कर उपलब्ध गराउने ।

(ख) विकास निर्माणका काममा तत्काल सक्रियता देखाउने ।

(ग) उपमहानगरपालिकाका भौतिक विकासका कामहरु तत्काल गर्ने ।

## परिच्छेद : २

४. कार्यविधि कार्यान्वयन प्रक्रिया :

**'यान्त्रीक सवारी साधन सञ्चालन सम्बन्धि कार्यविधि २०७४' अनुसार सवारी साधनको सेवा शुल्क निम्नानुसार उपलब्ध गराइनेछ ।**

**क.**

१.डोजर सेवा शुल्क इन्धन बाहेक प्रतिघण्टा रु ७०० (सातसय)

२. डोजर ईन्धन हालेर प्रतिघण्टा रु १५०० (एकहजार पाँच सय पन्ध्र)

**ख.**

१. टिप्परको सेवा शुल्क ईन्धन बाहेक (६ चक्के) प्रतिदिन रु ६००० ( छ हजार मात्र )

२. टिप्परको सेवा शुल्क ईन्धन बाहके (१० चक्के) प्रतिदित रु ८००० ( आठहजार मात्र )

**ग.** रोलर सेवा शुल्क प्रतिदिन रु ६००० ( ६ हजार)

**घ.** टेक्टर सेवा शुल्क प्रतिदिन तेल नहालेर रु १८०० ( एकहजार आठसय मात्र)

**ङ.** पानी ट्याङ्कर इन्धन हालेर प्रति ट्रिप रु ६०० (६ सय)

सबै साधनमा काम भएको अवस्थामा सम्बन्धित व्यक्ति वा ठेकेदारले भत्ता व्यहोर्नुपर्ने ।

**५. 'यान्त्रीक सवारी साधन सञ्चालन सम्वन्धि कार्यविधि २०७४' अनुसार सवारी साधन सञ्चालकको सेवा लिए वाफत पारिश्रमिक निम्नानुसार उपलब्ध गराइनेछ ।**

**१. डोजर चालक**

क) मासिक पारिश्रमिक रु १०,००० ।-

ख) भत्ता प्रतिघण्टा रु १०० ।-

**२. डोजर हेल्पर**

क) मासिक पारिश्रमिक रु ५,०००।-

ख) भत्ता प्रतिघण्टा रु ५०।-

**३. टिप्पर चालक**

क) मासिक पारिश्रमिक रु १२,००० ।-

ख) भत्ता प्रतिदिन रु १०००।-

**४. टिप्पर हेल्पर**

क) मासिक पारिश्रमिक रु ७०००।-

ख) भत्ता प्रतिदिन रु ३००।-

**५. रोलर चालक**

क) मासिक पारिश्रमिक रु १०,००० ।-

ख) भत्ता प्रतिदिन रु १५०० ।-

**६. रोलर हेल्पर**

क) मासिक पारिश्रमिकरु ५०००।-

ख) भत्ता प्रतिदिन रु ५००।-

**७. टेक्टर चालक**

क) मासिक पारिश्रमिक रु १५,००० ।-

सवारी चालक अनुभवी र दक्ष हुनुपर्नेछ । सवारी साधनको पूर्ण जिम्मेवारी लिनुपर्नेछ । सवारी चालक र परिचालक स्वयम्ले विमा भुक्तानीको कागजपत्र सहित चालकले ३० हजार र सहचालक (हेल्पर) ले रु २० हजार धरौटी रकम जम्मा गर्नुपर्नेछ । सेवा लिने र दिने काम समाप्त भएको मितिले एक महिनाभित्र सवारी साधन चालक र सहचालकको लापरवाहीले विग्रिएको भए मर्मत सम्भारको खर्च भुक्तानी भए पश्चात मात्र धरौटी र पारिश्रमिक वापतको अन्तिम महिनाको भुक्तानी गरिनेछ ।

**८. विविध**

क) पूर्वाधार समितिको व्यवस्थापन गर्ने

ख) मेकानिकल ओभरसिएर राख्ने जसको मासिक पारिश्रमिक रु

**९. आर्थिक सञ्चालन सम्बन्धि**

क) आर्थिक रुपमा पारदर्शी बनाउनका लागि सञ्चालक सवारी साधन परिचालन र मर्मत सम्भार खाता सञ्चालन गर्नेछ ।

ख) समितिले मासिक रुपमा कार्यपालिकाको बैठकमा आम्दानी तथा खर्च विवरण पेश गर्नेछ ।

ग) आवश्यकता अनुसार कार्यविधिलाई कार्यपालिकाको वहुमतले परिमार्जन गर्न सक्नेछ ।

घ) सवारी साधन सञ्चालनका सन्दर्भमा केही आर्थिक नोक्सानी देखिएमा उपमहानगरपालिकाबाट पेश्की रकम लिएर काम गर्न सकिनेछ ।

**१०. गाडी मर्मत सम्बन्धि व्यवस्था**

क) गाडी मर्मतका लागि विषय खुलाई फाराम भरेर प्राविधिक र समितिको सिफारिसमा मात्रै मर्मत गरिनेछ ।

**११. अन्य व्यवस्था**

क) सवारी सञ्चालन सम्वन्धमा लगवुक वनाएर त्यसैमा सम्पूर्ण कामको विवरण सवारी चालकले राख्नुपर्नेछ ।

ख) सवारी साधन व्यक्ति वा समितिलाई आवश्यक परेमा विवरण खुलाई निवेदनका साथमा कार्यालयमा रहेको फाराम अनिवार्य रुपमा भर्नुपर्नेछ ।